चुलाचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चुलाचुली, इलाम

कोशी प्रदेश, नेपाल

पत्र संख्याः ०८१।०८२
च.नं. १८६५

मिति – २०८२ असार ०४

विषय – भुक्तानी निकासा बन्द हुने सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै,
श्री सामुदायिक विद्यालयहरु सबै,
श्री शाखाहरु सबै,
श्री उपभोक्ता समितिहरु, निर्माण व्यवसाहीहरु तथा आपूर्तिकर्ताहरु सबै,
श्री सरकोरावालाहरु सबै,
चुलाचुली गाउँपालिका, इलाम ।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० को उपनियम १ बमोजिम भुक्तानी दिनुपर्ने रकमहरु आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा ७ दिन अगावै भुक्तानी दिई लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था रहेको छ । आर्थिक वर्षको अन्तिम हप्तामा कर दाखिला गर्नुपर्ने, संघिय सरकार र प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने, सम्पूर्ण कारबारहरुको हिसाब मिलान गरी तालुक निकायहरुमा प्रतिवेदन पठाउनुपर्ने व्यवस्था भए अनुरुप यस गाउँपालिकाबाट सञ्चालित सम्पूर्ण योजना तथा कार्यक्रमहरु मिति २०८२ असार १८ गते भित्र अनिवार्य रुपमा फरकफारक गराई सक्नुहुन जानकारी गराइन्छ । उक्त अवधिसम्म भुक्तानी पेश नगरी फरफारक नगरेमा कार्यालय जवाफदेही नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ । साथै महालेखा नियन्त्रक कार्यालयको च.नं. १२२ मिति २०८२।०२।२० को पत्र जानकारीका लागि यसै साथ संलग्न गरिएको छ ।

**बोधार्थ**

श्री अध्यक्षज्यूको सचिवालय, चुलाचुली गाउँपालिका, इलाम ।
श्री उपाध्यक्षज्यूको सचिवालय, चुलाचुली गाउँपालिका, इलाम ।

०३।०४

विकाश वि.क.
प्रमुख प्रशासकीय अधिकृत

विकाश वि.क.
प्रमुख प्रशासकीय अधिकृत

Website: www. chulachulimun.gov.np Email : chulachuli.ruralmunicipality@gmail.com

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office
अनामनगर, काठमाण्डौं
(अन्तर सरकारी वित्त समन्वय शाखा)

फ्याक्स नं.- ०१-४७७०३८६
फो.नं.- ०१-४७७११५०
ईमेल : igfcs@fcgo.gov.np

प.सं. २०८१/८२
च.नं. १९२

मिति :- २०८२।०२।२०

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

श्री स्थानीय तह, (७५३ सवै)
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, (सवै)

विषय :- भुक्तानी कार्य सिघ्रतापुर्ण गर्ने सम्वन्धमा ।

उपर्युक्त सम्बन्धमा यस महालेखा नियन्त्रक कार्यालयवाट स्थानीय तह सरकारहरुको वित्तीय व्यवस्थापन कार्यमा सुत्र प्रणाली मार्फत सहजिकरण गरिरहेको व्यहोरा अवगत नै छ।

७५३ स्थानीय तहहरुले वजेट निर्माण गर्दा नै त्रैमासिक रुपमा कार्यक्रम अनुसार काम सम्पन्न गरी समयमा खर्च गर्ने गरी पालिकाहरुले प्रतिवद्धता गरेको भए पनि चैत्र मसान्त सम्ममा ७५३ को खर्चको प्रगती करिव ३० प्रतिशत मात्र रहेको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० उपनियम ७ अनुसार आर्थिक वर्ष समाप्त हुनु भन्दा सात (७) दिन अगाडि सम्म (यस आ व २०८१/८२ मा असार २५ सम्म) मात्र भुक्तानी हुने हुदा निर्धारित समय भित्र भुक्तानी दिई लेखा अद्यावधिक गरी भुक्तानी निकासा वन्द गर्नुपर्ने भएकोले असार महिनामा भुक्तानी कार्यमा अत्याधिक चाप हुने, जसले गर्दा प्रणालीमा पनि सोही अनुरुप चाप पर्ने भएकाले सवै स्थानीय तहहरुवाट सवै प्रकारका खर्च सम्वन्धी कार्य भुक्तानीका लागि कार्य वातावरण वनाइ यथासमयमा सम्पन्न गर्न हुन अनुरोध छ। समयमा भुक्तानी नहुदा सिर्जना हुन सक्ने जोखिम तथा अर्को आ व मा वढ्न सक्ने दायित्व वारे सचेत भइ सवै काम समयमा सम्पन्न हुन समेत अनुरोध छ।

२०८२।२।२०

(यज्ञ प्रसाद ढकाल)
उप-महालेखा नियन्त्रक

चुलाचुली गाउँपालिका
दर्ता नं.: ३८८३
दर्ता मिति: २०८२।०३।०४